छ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, असोज १५ गते, २०८३ साल (संख्या ३८

## भाग ३

### नेपाल सरकार

### गृह मन्त्रालयको

### सूचना

**संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ४१**

**नेपाल नागरिकता (पाँचौ संशोधन) नियमावली, २०८३**

नेपाल नागरिकता नियमावली, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल नागरिकता ऐन, २०६३ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "नेपाल नागरिकता (पाँचौं संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. **नेपाल नागरिकता नियमावली, २०६३ को नियम २ मा संशोधन** : नेपाल नागरिकता नियमावली, २०६३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) "नागरिकता सूचना व्यवस्थापन प्रणाली" भन्नाले नागरिकता सम्बन्धी सेवा प्रवाहको क्रियाकलापलाई सहज, प्रविधिमैत्री बनाई सोको विवरण तथा अभिलेखलाई सुरक्षित र प्रभावकारी रूपमा व्यवस्थापन गर्न मन्त्रालयले निर्माण गरेको विद्युतीय प्रणाली सम्झनु पर्छ।"

३. **मूल नियमावलीको नियम ३ मा संशोधन** : मूल नियमावलीको नियम ३ को,-

(१) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :-

"(१क) विवाह हुनुअघि नागरिकताको प्रमाणपत्र प्राप्त नगरेको महिला नेपाली नागरिकले नेपाली नागरिक पतिको ठेगानाबाट नागरिकताको प्रमाणपत्र प्राप्त गर्न चाहेमा उपनियम (१) बमोजिमका कागजातका अतिरिक्त देहाय बमोजिमका कागजातसमेत पेस गर्नु पर्नेछ :-

(क) विवाह दर्ता प्रमाणपत्र,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) पतिको नागरिकताको प्रमाणपत्र,

(ग) पतिको मृत्यु भएकोमा मृत्युदर्ता प्रमाणपत्र।"

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ :-

"(२क) उपनियम (१क) बमोजिम पतिको ठेगानाबाट नागरिकताको प्रमाणपत्र प्राप्त गर्नका लागि निजको पति, सासू, ससुरा, जेठाजु, देवर, छोरा वा छोरीमध्ये कम्तीमा एक जनाले नागरिकता प्रदान गर्ने अधिकारीसमक्ष उपस्थित भई सनाखत गर्नु पर्नेछ।"

४. **<u>मूल नियमावलीको नियम ७ मा संशोधन</u>** : मूल नियमावलीको नियम ७ को,-

(१) उपनियम (१ख) को खण्ड (ङ) मा रहेका "अनुसूची-७क. बमोजिमको" भन्ने शब्दहरूको सट्टा "अनुसूची-७ग. बमोजिमको" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (१ग) पछि देहायको उपनियम (१घ) थपिएको छ :-

"(१घ) उपनियम (१ग) बमोजिम छानबिन गर्दा विदेशस्थित कूटनीतिक नियोगबाट कुनै विवरण माग गर्नु पर्ने भएमा प्रमुख जिल्ला अधिकारीले मन्त्रालयमा अनुरोध गर्नु पर्नेछ र त्यसरी अनुरोध भई आएमा मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत त्यस्तो विवरण माग गर्नेछ।"

५. **<u>मूल नियमावलीको नियम ९ मा संशोधन</u>** : मूल नियमावलीको नियम ९ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपनियम (४) मा रहेका "नेपाली नागरिकता समाप्त हुनेछ" भन्ने शब्दहरूको सट्टा "नेपाली नागरिकता कायम रहने छैन" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छ :-

"(५) उपनियम (४) बमोजिम नेपाली नागरिकता कायम नरहेको जानकारी जिल्ला प्रशासन कार्यालयले अनुसूची-९क. बमोजिमको ढाँचामा सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।"

६. **मूल नियमावलीको नियम १३ मा संशोधन** : मूल नियमावलीको नियम १३ को सट्टा देहायको नियम १३ राखिएको छ :-

"**१३. अभिलेख राख्ने तथा विवरण पठाउने** : (१) नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने कार्यालयले नागरिकताको प्रमाणपत्र जारी भएको अभिलेख रजिष्टर अनुसूची-१२क. बमोजिमको ढाँचामा सुरक्षित तरिकाले राख्नु पर्नेछ।

(२) ऐन तथा यस नियमावलीबमोजिम नागरिकता प्राप्तिका लागि निवेदकले पेश गरेको विवरण तथा कागजात नागरिकता सूचना व्यवस्थापन प्रणालीमा अपलोड गर्नु पर्नेछ।

(३) नेपाली नागरिकताको प्रमाणपत्रमा कायम हुने जिल्ला तथा कार्यालयगत कोड नम्बर, जारी वर्ष र क्रमसङ्ख्या अनुसूची-१२ख. मा उल्लेख भएबमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) जिल्ला प्रशासन कार्यालयले नागरिकता प्रमाणपत्र वितरणको मासिक विवरण मन्त्रालयमा पठाउनु पर्नेछ।"

७. **<u>मूल नियमावलीको नियम १६क. मा संशोधन</u> :** मूल नियमावलीको नियम १६क. को उपनियम (४) पछि देहायका उपनियम (४क), (४ख) र (४ग) थपिएका छन् :-

"(४क) उपनियम (३) बमोजिम जारी भएको नाबालक परिचयपत्रको अभिलेख त्यस्तो परिचयपत्र जारी गर्ने कार्यालयले अनुसूची-१५ बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

(४ख) उपनियम (३) बमोजिम जारी भएको नाबालक परिचयपत्र हराएमा, च्यातिई काम नलाग्ने भएमा, आगलागी भई वा पानीले भिजी नष्ट भएमा त्यस्तो नाबालक तथा निजको बाबु वा आमाले कारण खुलाई नाबालक परिचयपत्रको प्रतिलिपिको लागि प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ।

(४ग) उपनियम (४ख) बमोजिमको निवेदन व्यहोरा मनासिब देखिएमा सोको व्यहोरा अभिलेखमा जनाई प्रमुख जिल्ला अधिकारीले त्यस्तो परिचयपत्रको प्रतिलिपि जारी गर्न सक्नेछ।"

८. **<u>मूल नियमावलीमा नियम १६ख., १६ग., १६घ. र १६ङ. थप</u>** : मूल नियमावलीको नियम १६क. पछि देहायका नियम १६ख., १६ग.,१६घ. र १६ङ. थपिएका छन् : -

"**१६ख. <u>नागरिकता प्रमाणपत्रको प्रतिलिपिका लागि निवेदन दिनसक्ने</u>** : (१) देहायको अवस्थामा ऐन तथा यस नियमावलीबमोजिम जारी भएको नेपाली



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नागरिकताको प्रमाणपत्र वा गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि लिन सकिनेछ :-

(क) आगलागी भई वा पानीले भिजी नष्ट भएमा,

(ख) च्यातिई काम नलाग्ने भएमा,

(ग) हराएमा,

(घ) बसाईसराई भएमा, वा

(ङ) नयाँ ढाँचामा आवश्यक भएमा।

(२) उपनियम (१) को अवस्था सृजना भई नेपाली नागरिकताको प्रमाणपत्र वा गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि लिन चाहने व्यक्तिले देहायको कागजात संलग्न गरी सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ : -

(क) ऐनको दफा ३ र ५ बमोजिम जारी भएको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिको हकमा,-

(१) उपनियम (१) को खण्ड (ख), (घ) र (ङ) को अवस्था भएमा नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल प्रति र खण्ड (क) र (ग) को अवस्था भएमा सोको प्रतिलिपि र सोसमेत नभएमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राष्ट्रिय परिचयपत्र वा राहदानी वा जग्गाधनी पूर्जामध्ये कुनै एक प्रमाणपत्र,

(२) बसाइँ सराइ भएको भए सोको प्रमाणपत्र,

(३) सम्बन्धित स्थानीय तहको सिफारिसपत्र।

(ख) ऐनको दफा ७क. बमोजिम जारी भएको गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिको हकमा,-

(१) गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल भए सोको सक्कल प्रति र सक्कल प्रति उपलब्ध हुन नसकेमा सोको प्रतिलिपि,

(२) हाल नागरिक रहेको मुलुकको नागरिकता वा राहदानी,

(३) सम्बन्धित स्थानीय तहको सिफारिस।

(३) उपनियम (२) को खण्ड (क) को उपखण्ड (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित व्यक्तिको वैयक्तिक विवरण नागरिकता सूचना व्यवस्थापन प्रणालीमा रहेको विवरणसँग र जैविक विवरण राष्ट्रिय परिचयपत्र तथा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पञ्जीकरण सम्बन्धी प्रचलित कानून बमोजिमको राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा भएको विवरणसँग रुजु भएमा स्थानीय तहको सिफारिस आवश्यक पर्ने छैन।

(४) उपनियम (२) को खण्ड (क) बमोजिम दिने निवेदनको ढाँचा अनुसूची-१६ बमोजिम र सोही उपनियमको खण्ड (ख) बमोजिम दिने निवेदनको ढाँचा अनुसूची-१७ बमोजिम हुनेछ।

**१६ग.** **<u>प्रतिलिपि जारी गर्न सकिने</u>** : नियम १६ख. बमोजिम प्रतिलिपि लिनका लागि निवेदन परेमा प्रमुख जिल्ला अधिकारीले निवेदनको विषय तथा कार्यालयको अभिलेख यकिन गरी देहायको प्रक्रिया पूरा गरी नागरिकताको प्रमाणपत्रको प्रतिलिपि जारी गरी अभिलेख राख्न सक्नेछ:-

(क) नागरिकताको अभिलेखमा रहेको विवरणसँग रूजु गरी पुरानो नागरिकताको प्रमाणपत्रको नम्बर जनाई प्रतिलिपि जारी गर्ने र सक्कल नागरिकताको प्रमाणपत्र पेश भएकोमा सो प्रमाणपत्र खिच्ने,

**<u>स्पष्टीकरण</u>** : यस नियमको प्रयोजनको लागि "नागरिकताको अभिलेख" भन्नाले कार्यालयमा रहेको अभिलेख किताब, नागरिकता सूचना



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवस्थापन प्रणाली वा साबिकको नागरिकताको प्रमाणपत्र लिँदाका बखत पेश भएको अभिलेखमा रहेको निवेदन सम्झनु पर्छ।

(ख) नागरिकताको प्रमाणपत्रको सक्कल प्रति पेश भएको तर नागरिकताको अभिलेख नभएको अवस्थामा नयाँ नागरिकता प्रमाणपत्र दिँदा अपनाउनु पर्ने सरहको सम्पूर्ण कार्यविधि पूरा गरी अभिलेखमा पुरानो नागरिकताको अभिलेख फेला नपरेको व्यहोरा उल्लेख गरी नागरिकताको प्रमाणपत्रमा पुरानो नागरिकताको प्रमाणपत्रको नम्बर जनाई प्रतिलिपि जारी गर्ने र पेश भएको सक्कल नागरिकताको प्रमाणपत्र खिच्ने,

(ग) नागरिकताको प्रमाणपत्रको सक्कल प्रति पेश नभएको र नागरिकताको अभिलेख समेत नभएको अवस्थामा नयाँ नागरिकताको प्रमाणपत्र दिँदा अपनाउनु पर्ने सम्पूर्ण कार्यविधि पूरा गरी प्रतिलिपि जारी गर्ने,

(घ) नागरिकताको अभिलेख रहेको तर सो अभिलेखमा फोटो नभएमा वा भए पनि स्पष्ट नभएमा सरकारी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निकायबाट जारी भएको नागरिकता नम्बरसमेत उल्लेख भएको फोटो सहितको परिचयपत्रसँग रूजु गरी यकिन गर्ने,

(ङ) अन्य जिल्लामा बसाइँ सरी जाने नागरिकले बसाइँसराईको प्रमाण राखी हाल स्थायी बसोबास भएको जिल्लाको जिल्ला प्रशासन कार्यालयमा प्रतिलिपिको लागि निवेदन दिएमा सो कार्यालयले छिटो माध्यमबाट साबिकको जिल्ला प्रशासन कार्यालयबाट नागरिकताको अभिलेख मगाई वा नागरिकता सूचना व्यवस्थापन प्रणालीमा रुजु गरी साबिकको जिल्ला प्रशासन कार्यालयलाई जानकारी दिई सोको आधारमा प्रतिलिपि जारी गर्नसक्ने,

(च) ऐनको दफा १७ बमोजिम विवाह वा सम्बन्ध विच्छेद भएकी महिलाले नेपाली नागरिकताको प्रमाणपत्रमा रहेको थर, वतन वा अन्य विवरण संशोधन गर्न निवेदन दिएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले पहिले लिएको नागरिकताको प्रमाणपत्र खिची थर, वतन वा अन्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विवरण संशोधन गरी प्रतिलिपि जारी गर्नसक्ने,

(छ) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि जारी गर्दा कति पटक प्रतिलिपि लिएको भन्ने कुरा नागरिकताको प्रमाणपत्रको अगाडिपट्टि माथिल्लो भागमा तथा कार्यालयको अभिलेखमा जनाउनु पर्ने,

(ज) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि दिँदा नयाँ कायम भएको स्थानीय तह अनुसारको ठेगाना उल्लेख गरी दिनुपर्ने।

**१६घ.** **<u>अन्य जिल्लाबाट प्रतिलिपि लिन सकिने</u>** : (१) ऐनको दफा ३ बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको नेपाली नागरिकले नियम १६ख. को उपनियम (१) को खण्ड (क), (ख), (ग) र (ङ) को अवस्था भई आफूले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको जिल्ला भन्दा बाहेकको अन्य जिल्लाबाट प्रतिलिपि लिन चाहेमा अनुसूची-१८ बमोजिमको ढाँचामा प्रमुख जिल्ला अधिकारीसमक्ष देहायका कागजात संलग्न गरी निवेदन दिन सक्नेछ :-

(क) नियम १६ख. को उपनियम (१) को खण्ड (ख) र (ङ) को अवस्था भएमा नेपाली



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नागरिकताको प्रमाणपत्रको सक्कल प्रति र खण्ड (क) र (ग) को अवस्था भएमा सोको प्रतिलिपि,

(ख) राष्ट्रिय परिचयपत्रको प्रतिलिपि वा राष्ट्रिय परिचय नम्बर खुल्ने कागजात।

(२) उपनियम (१) बमोजिम प्रतिलिपिका लागि निवेदन प्राप्त भएमा निवेदकले पेश गरेको विवरण नागरिकता सूचना व्यवस्थापन प्रणालीमा भएको विवरणसँग रुजु गरी र निजको जैविक विवरण लिई सो विवरण राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण सम्बन्धी प्रचलित कानून बमोजिमको राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा भएको विवरणसँग रूजु गरी विवरण यकीन भएमा नागरिकता सूचना व्यवस्थापन प्रणालीमा रहे बमोजिमको विवरण उल्लेख गरी प्रमुख जिल्ला अधिकारीले नागरिकताको प्रमाणपत्रको प्रतिलिपि जारी गर्न सक्नेछ।

**१६ङ. <u>स्थानीय तहले गरेको सिफारिसको मान्य अवधि</u>** : ऐन तथा यस नियमावलीबमोजिम नेपाली नागरिकताको प्रमाणपत्र सम्बन्धमा स्थानीय तहले गरेको सिफारिस पैंतिस दिनसम्म मान्य हुनेछ।"

**९. <u>मूल नियमावलीको अनुसूचीमा संशोधन</u>** : मूल नियमावलीको,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) अनुसूची-७क. को सट्टा संलग्न बमोजिमको अनुसूची-७क. राखिएको छ।

(२) अनुसूची-७ख. पछि संलग्न बमोजिमको अनुसूची-७ग. थपिएको छ।

(३) अनुसूची-१० पछि संलग्न बमोजिमको अनुसूची-१०क. थपिएको छ।

(४) अनुसूची-१२ पछि संलग्न बमोजिमको अनुसूची-१२क., र अनुसूची-१२ख. थपिएका छन्।

(५) अनुसूची-१४ पछि संलग्न बमोजिमको अनुसूची-१५, अनुसूची-१६, अनुसूची-१७ र अनुसूची-१८ थपिएका छन्।

**१०.** **खारेजी** : मूल नियमावलीको नियम १७ खारेज गरिएको छ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची -७क.

(नियम ७ को उपनियम (१) को खण्ड (ग) सँग सम्बन्धित)

**विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएको विदेशी मुलुकको नागरिकता नलिएको व्यक्ति र निजको आमाले गर्ने स्वघोषणा**

खण्ड (क)

विदेशी मुलुकको नागरिकता नलिएको व्यक्तिले गर्ने

..........प्रदेश...........जिल्ला.........गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं. .................बस्ने म ..............देश............स्थानमा बस्ने बुवा.......... र .......... प्रदेश .............जिल्ला.............गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं. ................बस्ने नेपाली नागरिक आमा ................ को छोरा/छोरी भएकोले नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ को उपदफा (३) को खण्ड (ग) बमोजिम कुनै विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यहोरा स्वघोषणा गर्दछु।

मैले माथि उल्लेख गरेबमोजिम गरेको स्वघोषणा साँचो हो। झुट्टा ठहरेमा कानूनबमोजिम सहुँला/बुझाउँला।

आमाको नाम, थर :

नागरिकता प्रमाणपत्र नं. ....... जारी जिल्ला ........... जारी मिति ............................................

राष्ट्रिय परिचय नम्बर........................................................

विवाह दर्ता प्रमाणपत्र नं. भएमा सो नम्बर ..............

बाबुको नाम, थर:

नागरिकताको प्रमाणपत्र /राहदानी नं. ...........जारी मुलुक/जिल्ला ................जारी मिति .......................

निवेदकको,-

नाम, थर : धर्म : दस्तखत :

मिति :

औंठा छाप

स्वघोषणा गराउने अधिकृतको,-

नाम, थर :

पद :

दस्तखत :

मिति :

| दायाँ | बायाँ |
|---|---|
| | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड (ख)

**<u>विदेशी मुलुकको नागरिकता नलिएको व्यक्तिको आमाले गर्ने</u>**

...............प्रदेश............जिल्ला.............................गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/ महानगरपालिका वडा नं. ...... मा बस्ने म ............................. को छोरा/छोरी................. नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ को उपदफा (३) को खण्ड (ग) बमोजिम कुनै विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यहोरा स्वघोषणा गर्दछु।

मैले माथि उल्लेख गरेबमोजिम गरेको स्वघोषणा साँचो हो। झुट्टा ठहरेमा कानूनबमोजिम सहुँला/ बुझाउँला।

<u>स्वघोषणा गर्ने आमाको-</u>

नाम,थर :

ठेगानाः

जन्म मिति :

नागरिकता प्रमाणपत्र नम्बर : :

जारी जिल्ला

जारी मिति :

राष्ट्रिय परिचय नम्बर :

दस्तखत :

मिति :

<u>स्वघोषणा गराउने अधिकृतको-</u>

नाम, थर :

पद :

दस्तखत :

मिति :

<u>औंठा छाप</u>

| दायाँ | बायाँ |
|---|---|
| | |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड (ग)

**आमाको मृत्यु भएको वा आमाको होस ठेगानमा नरहेको व्यक्तिले गर्ने**

...............प्रदेश............जिल्ला..........गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं. ...... मा बस्ने ............ (आमाको नाम) को छोरा/छोरी म................. को आमा............को मिति............मा मृत्यु भएको/ मिति.............देखि होस ठेगानमा नरहेको व्यहोरा स्वघोषणा गर्दछु।

मैले माथि उल्लेख गरेबमोजिम गरेको स्वघोषणा साँचो हो। झुट्ठा ठहरेमा कानूनबमोजिम सहुँला/बुझाउँला।

स्वघोषणा गर्ने व्यक्तिको,-
नाम, थर :
जन्म मिति :
दस्तखत :
मिति :

स्वघोषणा गराउने अधिकृतको,-
नाम, थर :
पद :
दस्तखत :
मिति :

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

द्रष्टव्य: आमाको मृत्यु भइसकेकोमा मृत्यु दर्ता प्रमाणपत्र वा होस ठेगानमा नरहेकोमा सोही व्यहोरा खुलाई चिकित्सकले प्रमाणित गरेको सिफारिस गरिएको स्वघोषणा संलग्न गर्नु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-७ग.

(नियम ७ को उपनियम (१ख) को खण्ड (ङ) सँग सम्बन्धित)

**नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको विदेशको नागरिकता वा राहदानी नलिएको व्यक्ति र निजको आमाले गर्ने स्वघोषणा**

खण्ड (क)

विदेशको नागरिकता वा राहदानी नलिएको व्यक्तिले गर्ने

...............प्रदेश............जिल्ला............ गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं. ...... मा बस्ने ............ (आमाको नाम) को छोरा/छोरी म.................को नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ को उपदफा (५ख) बमोजिम नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र हालसम्म बाबुको पहिचान नभएको व्यहोरा स्वघोषणा गर्दछु।

मैले माथि उल्लेख गरेबमोजिम गरेको स्वघोषणा साँचो हो। झुट्टा ठहरेमा कानूनबमोजिम सहुँला/बुझाउँला।

स्वघोषणा गर्ने व्यक्तिको,-
नाम, थर :
जन्म मिति :
दस्तखत :
मिति :

स्वघोषणा गराउने अधिकृतको,-
नाम, थर :
पद :
दस्तखत :
मिति :

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड (ख)

विदेशको नागरिकता वा राहदानी नलिएको व्यक्तिको आमाले गर्ने

...............प्रदेश.............जिल्ला........... गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं. ...... मा बस्ने म ....................................... को छोरा/छोरी ................. को नेपाल नागरिकता ऐन, २०६३ को दफा ५ को उपदफा (५ख) बमोजिम नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र छोरा/छोरीको बाबु हालसम्म पहिचान हुन नसकेको व्यहोरा स्वघोषणा गर्दछु।

मैले माथि उल्लेख गरेबमोजिम गरेको स्वघोषणा साँचो हो। झुट्ठा ठहरेमा कानूनबमोजिम सहुँला/ बुझाउँला।

स्वघोषणा गर्ने आमाको,-

नाम, थर : ......................

नागरिकता प्रमाणपत्र नम्बर :................

जारी जिल्ला :..............

जारी मिति :...............

राष्ट्रिय परिचय नम्बर :................

दस्तखत : ..................

मिति : ....................

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

स्वघोषणा गराउने अधिकृतको,-

नाम, थर :

पद :

दस्तखत :

मिति : ”



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसुची-१०क.

(नियम ९ को उपनियम (५) सँग सम्बन्धित)

**नागरिकता कायम नरहेको जानकारीको ढाँचा**

**नेपाल सरकार**

**गृह मन्त्रालय**

**जिल्ला प्रशासन कार्यालय,.................................**

**च. नं. :** **मिति:**

**विषय: नागरिकता कायम नरहेको जानकारी**

**श्री .........................**

**................................**

तपाईंले नेपाल नागरिकता ऐन, २०६३ को दफा १० र नेपाल नागरिकता नियमावली, २०६३ को नियम ९ बमोजिम नेपाली नागरिकता त्याग्न चाही दिनु भएको निवेदन यस कार्यालयको अभिलेखमा मिति.....................मा दर्ता नम्बर................... मा दर्ता भएकोले दर्ता भएको मिति देखि तपाईंको नेपाली नागरिकता कायम नरहेको व्यहोरा जानकारी गराइन्छ।

| |
|---|
| नाम, थर : |
| नागरिकता प्रमाणपत्र नम्बर : |
| जारी मिति : |
| जन्मस्थान : |
| बुबाको नाम : |
| आमाको नाम : |
| जारी गर्ने कार्यालय र जिल्ला : |
| जारी गर्ने अधिकृतको नाम : |
| जारी गर्ने अधिकृतको पद : |

जानकारी गराउने अधिकृतको नाम, थर :..........................

पद :......................"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

"अनुसुची- १२क.

(नियम १३ को उपनियम (१) सँग सम्बन्धित)

**नागरिकता प्रमाणपत्र वितरण अभिलेख**

| क्र. सं. | ना.प्र.नं. र जारी मिति | नाम र जन्म मिति | ठेगाना | बाबु र आमा को नामथर | पति/पत्नीको नाम, थर | औंठाको छाप र दस्तखत | | फोटो | सिफारिस कर्ताको पद, नाम, थर | सनाखत गर्नेको नाम, थर, नाता र ना.प्र.नं. | पेश भएका कागजात | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दायाँ | बायाँ | | | | | |
| | ना.प्र.नं.:<br>जारी मितिः | नाम :<br>जन्म मिति : | १. जन्मस्थान :<br>२. स्थायी ठेगाना : | | | | | | | | | |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**अनुसुची-१२ख.**

(नियम १३ को उपनियम (३) सँग सम्बन्धित)

**<u>जिल्लागत र कार्यालयगत कोड र क्रमसङ्ख्या</u>**

**(क) जिल्लागत कोड नम्बर**

| क्र. सं. | जिल्लाको नाम | कोड नं. | | क्र. सं. | जिल्लाको नाम | कोड नं. | | क्र. सं. | जिल्लाको नाम | कोड नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ्ग | ०१ | | २७ | काठमाडौं | २७ | | ५१ | पर्वत | ५१ |
| २ | पाँचथर | ०२ | | २८ | ललितपुर | २८ | | ५२ | दाङ | ५२ |
| ३ | इलाम | ०३ | | २९ | भक्तपुर | २९ | | ५३ | प्यूठान | ५३ |
| ४ | झापा | ०४ | | ३० | काभ्रेपलाञ्चोक | ३० | | ५४ | रोल्पा | ५४ |
| ५ | मोरङ्ग | ०५ | | ३१ | मकवानपुर | ३१ | | ५५ | सल्यान | ५५ |
| ६ | सुनसरी | ०६ | | ३२ | रौतहट | ३२ | | ५६ | रुकुम (पश्चिम भाग) | ५६ |
| ७ | धनकुटा | ०७ | | ३३ | बारा | ३३ | | ५७ | डोल्पा | ५७ |
| ८ | तेह्रथुम | ०८ | | ३४ | पर्सा | ३४ | | ५८ | मुगु | ५८ |
| ९ | भोजपुर | ०९ | | ३५ | चितवन | ३५ | | ५९ | हुम्ला | ५९ |
| १० | सङ्खुवासभा | १० | | ३६ | नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) | ३६ | | ६० | जुम्ला | ६० |
| ११ | सोलुखुम्बु | ११ | | ३७ | रूपन्देही | ३७ | | ६१ | कालिकोट | ६१ |
| १२ | खोटाङ | १२ | | ३८ | कपिलवस्तु | ३८ | | ६२ | जाजरकोट | ६२ |
| १३ | ओखलढुङ्गा | १३ | | ३९ | पाल्पा | ३९ | | ६३ | दैलेख | ६३ |
| १४ | उदयपुर | १४ | | ४० | अर्घाखाँची | ४० | | ६४ | सुर्खेत | ६४ |
| १५ | सिराहा | १५ | | ४१ | गुल्मी | ४१ | | ६५ | बर्दिया | ६५ |
| १६ | सप्तरी | १६ | | ४२ | स्याङ्जा | ४२ | | ६६ | बाँके | ६६ |
| १७ | धनुषा | १७ | | ४३ | तनहुँ | ४३ | | ६७ | कैलाली | ६७ |
| १८ | महोत्तरी | १८ | | ४४ | गोरखा | ४४ | | ६८ | डोटी | ६८ |
| १९ | सर्लाही | १९ | | ४५ | लमजुङ | ४५ | | ६९ | अछाम | ६९ |
| २० | सिन्धुली | २० | | ४६ | कास्की | ४६ | | ७० | बाजुरा | ७० |
| २१ | रामेछाप | २१ | | ४७ | मनाङ | ४७ | | ७१ | बझाङ्ग | ७१ |
| २२ | दोलखा | २२ | | ४८ | मुस्ताङ | ४८ | | ७२ | दार्चुला | ७२ |
| २३ | रसुवा | २३ | | ४९ | म्याग्दी | ४९ | | ७३ | बैतडी | ७३ |
| २४ | सिन्धुपाल्चोक | २४ | | ५० | वाग्लुङ | ५० | | ७४ | डडेल्धुरा | ७४ |
| २५ | नुवाकोट | २५ | | | | | | | | |
| २६ | धादिङ्ग | २६ | | | | | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क. सं. | जिल्लाको नाम | कोड नं. | | क. सं. | जिल्लाको नाम | कोड नं. | |
|---|---|---|---|---|---|---|---|
| ७५ | कञ्चनपुर | ७५ | | ७७ | नवलपरासी (बर्दघाट सुस्ता) पूर्व | ७७ | |
| ७६ | रुकुम (पूर्वी भाग) | ७६ | | | | | |

(ख) <u>कार्यालयगत कोड नम्बर</u> :

| क.सं. | जिल्लाको नाम | कोड नं. |
|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | ०१ |
| २ | इलाका/सीमा प्रशासन कार्यालय तथा अन्य एकीकृत सेवा केन्द्र-१, केन्द्र-२ अनुसार एवं रितले क्रम अनुसार | ०२ तथा ०३, ०४ एवं रितले क्रम अनुसार |

**(ग) नेपाली नागरिकताको प्रमाणपत्र नम्बर कायम गर्दा :**

जिल्लागत कोड नम्बर - कार्यालयगत कोड नम्बर - जारी वर्षको पछिल्लो दुई अङ्क - पाँच अङ्कको क्रमसङ्ख्या कायम हुनेछ। उदाहरण: २०८३ सालमा खोटाङ जिल्लाबाट नागरिकताको प्रमाणपत्र जारी गर्दा,

**(१) जिल्ला प्रशासन कार्यालयबाट जारी गर्दा :**

पहिलो नागरिकता नम्बर १२-०१-८३-००००१ तथा दोस्रो नागरिकता नम्बर १२-०१-८३-००००२ कायम हुनेछ।

**(२) इलाका/सीमा प्रशासन कार्यालयबाट जारी गर्दा :**

पहिलो नागरिकता नम्बर १२-०२-८३-००००१ तथा दोस्रो १२-०२-८३-००००२ कायम हुनेछ। त्यसैगरी जिल्लाभित्रको अर्को इलाका/सीमा प्रशासन कार्यालयबाट जारी गरेको पहिलो नागरिकता नम्बर १२-०३-८३-००००१ तथा दोस्रो १२-०३-८३-००००२ कायम हुनेछ। अन्य इलाका/सीमा प्रशासन कार्यालयबाट जारी हुने नागरिकता नम्बरसमेत यसै आधारमा निर्धारण हुनेछ।

**(३) गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र कायम गर्दा :**

जिल्लागत कोड नम्बर-कार्यालयगत कोड नम्बर-जारी वर्षको पछिल्लो दुई अङ्क-पाँच अङ्कको सिरियल नम्बर कायम हुनेछ। उदाहरण: २०८३ सालमा खोटाङ जिल्लाबाट गैर आवासीय नेपाली नागरिकता प्रमाणपत्र जारी गर्दा पहिलो गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र नं. ९-१२-०१-८३-००००१ तथा दोस्रो ९-१२-०१-८३-००००२ कायम हुनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसुची-१५

(दफा १६क. उपनियम (४क) सँग सम्बन्धित)

**नाबालक परिचयपत्रको अभिलेख**

| क्र. सं. | नाबालक परिचय पत्र नं. | नाबालक को नाम र थर | जन्म स्थान | जन्म मिति | ठेगाना | बाबुको नाम थर र ना.प्र.नं. | आमाको नाम थर र ना.प्र.नं. | नाबालकको फोटो र कर्मचारीको दस्तखत | प्रमाणित गर्ने अधिकारीको नाम र पद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची-१६

(दफा १६ख. को उपनियम (४) सँग सम्बन्धित)

**वंशज / अङ्गिकृत नागरिकता प्रमाणपत्रको प्रतिलिपिको लागि निवेदन ढाँचा**

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय
................................ ।

फोटो

विषय : नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पाऊँ।

महोदय,

मैले...............बाट वंशज/अङ्गिकृत नेपाली नागरिकताको प्रमाणपत्र लिएकोमा सो प्रमाणपत्रको सक्कल प्रति हराएको/झुत्रो भएको/आगलागी वा पानीले भिजी नष्ट भएको /मौजुदा ढाँचामा आवश्यकता भएको/बसाई सराई भएको/अन्य................ भएको हुँदा देहायको विवरण भएको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पाउनका लागि उक्त नागरिकता प्रमाणपत्रको सक्कल/नक्कल प्रति संलग्न राखी रु. १०/- को टिकट टाँसी सिफारिस सहित यो निवेदन पेश गरेको छु।

मैले प्रतिलिपि माग गरेको नागरिकताको प्रमाणपत्रको विवरण यस प्रकार रहेको छ :-

(१) ना.प्र.नं. ................जारी मिति : ............... नागरिकताको किसिम.....
(२) नाम, थर : ............ Full Name (In Block) ............ .... .... ...
(३) लिङ्ग ............................ Sex... ............ .... .........
(४) जन्मस्थान : ................................................ .........
(५) स्थायी ठेगाना: प्रदेश ................................ जिल्ला..........
म.न.पा./उ.म.न.पा./न.पा./गा.पा..........वडा नं. ..........टोल .............
(६) जन्म मिति : ........... Date of Birth (AD) ........................ ..
(७) बाबुको नाम, थर: ........................ठेगाना ..................... नागरिकताको किसिम............... राष्ट्रिय परिचय नं..........................
(८) आमाको नाम, थर:.................. ठेगाना ....................... नागरिकताको किसिम.............. राष्ट्रिय परिचय नं.........................
(९) पति/पत्नीको नाम, थर: ............................ ठेगाना ......... नागरिकताको किसिम............... राष्ट्रिय परिचय नं.......................................................
(१०) संरक्षकको नाम थर.............................ठेगाना ................... नागरिकताको किसिम............... राष्ट्रिय परिचय नं.......................................................

---

माथि लेखिएको विवरण ठिक साँचो छ। लेखिएको व्यहोरा झुट्टा ठहरेमा कानून बमोजिम सहुँला/ बुझाउँला।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

संलग्न कागजात विवरण:

निवेदकको,-
दस्तखत........................
नाम, थर........................
मिति..........................

---

**(नागरिकताको प्रमाणप्रत्रको प्रतिलिपिको लागि स्थानीय तहको सिफारिस)**

......................... म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. मिति ............ मा जन्म भई हालसम्म स्थायी रूपमा बसोबास गरी आएका यसमा लेखिएका...............................का छोरा/छोरी/पत्नी/अन्य...................वर्ष.....................को............................... लाई म राम्रोसँग चिन्दछु। निजको माग बमोजिम उपर्युक्त विवरण भएको नं. .............................जारी मिति...............................को नागरिकताको प्रमाणपत्रको सक्कल प्रति हराएको/झुत्रो भएको/मौजुदा ढाँचामा आवश्यकता भएको/बसाई सराई भएको/अन्य...............भएको व्यहोरा साँचो हुँदा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि बनाई दिएमा फरक नपर्ने व्यहोरा सिफारिस गर्दछु। उक्त विवरण झुट्टा ठहरेमा कानून बमोजिम सहुँला/ बुझाउँला।

निवेदकको फोटो

सिफारिस गर्नेको
दस्तखत .............................
नाम, थर ...................................................
पद ..........................................................
कार्यालय...............................................
मिति...................................................
कार्यालयको छाप...........................................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१७

(दफा १६ख. को उपनियम (४) सँग सम्बन्धित)

**गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिका लागि निवेदनको ढाँचा**

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय
................................।

विषय : गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पाऊँ।

महोदय,

मैले जिल्ला प्रशासन कार्यालय...............बाट गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र लिएकोमा सो प्रमाणपत्रको सक्कल प्रति हराएको/झुत्रो भएको /अन्य............... भएको हुँदा देहायको विवरण भएको गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पाउनका लागि उक्त नागरिकताको प्रमाणपत्रको सक्कल/नक्कल प्रति संलग्न राखी रु. १०।- को टिकट टाँसी सिफारिस सहित यो निवेदन पेश गरेको छु।
मैले प्रतिलिपि माग गरेको गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्रको विवरण यस प्रकार छ:-

(१) गै.आ.ना.प्र.नं...........जारी मिति: ...................................................
(२) नाम, थर : .................. Full Name (In Block) ............ .........
(३) लिङ्ग......................................Sex.......................................................
(४) जन्मस्थान : ..............................
(५) जन्म मिति : ................Date of Birth (AD) ..................
(६) विदेशी मुलुकको ठेगाना :.................
(७) विदेशी मुलुकको नागरिकता नं. ................
(८) जारी गर्ने मुलुक र मिति.............
(९) बाबुको नाम, थर : .............ठेगाना ............राष्ट्रियता..................
(१०) आमाको नाम, थर :...........ठेगाना .............राष्ट्रियता..................
(११) पति/पत्नीको नाम, थर : .................... ठेगाना ....................... राष्ट्रियता...............
१२) आफ्नो/बाबु/आमा/बाजे/बज्यैको नाम थर :.............ठेगाना.......................

---

माथि लेखिएको विवरण ठिक साँचो छ। लेखिएको व्यहोरा झुट्टा ठहरेमा कानून बमोजिम सहुँला/बुझाउँला

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदकको
दस्तखत................................
नाम थर................................
मिति................................

संलग्न कागजात विवरण:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**(गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिका लागि सिफारिस)**

.......प्रदेश..........जिल्ला......................म.न.पा./उ.म.न.पा./न.पा./गा.पा.मा मिति ............... मा जन्म भई हाल..........स्थायी रूपमा बसोबास गरी आएका यसमा लेखिएका........का छोरा/छोरी/पत्नी.......वर्ष..........को................ लाई म राम्री चिन्दछु। निजको माग बमोजिम उपर्युक्त विवरण भएको गैर आवासीय नेपाली नागरिकताको नं. .........जारी मिति..............................को गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल प्रति हराएको/झुत्रो भएको/अन्य...............व्यहोरा साँचो भएको हुँदा गैर आवासीय नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि बनाई दिएमा फरक नपर्ने व्यहोरा सिफारिस गर्दछु। उक्त विवरण झुट्टा ठहरेमा कानून बमोजिम सहुँला/ बुझाउँला।

निवेदकको फोटो

सिफारिस गर्नेको,-
दस्तखत .............................
नाम, थर ..................................................
पद .........................................................
कार्यालय.................................................
मिति......................................................
कार्यालयको छाप.........................................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१८

(दफा १६घ. को उपनियम (१) सँग सम्बन्धित)

**अन्य जिल्लाबाट नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिको लागि दिने निवेदनको ढाँचा**

श्री प्रमुख जिल्ला अधिकारीज्यू,

जिल्ला प्रशासन कार्यालय,

............................... ।

फोटो

विषय : नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पाऊँ।

मैले......जिल्ला, ......... कार्यालय............बाट नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र लिएकोमा सो प्रमाणपत्रको सक्कल प्रति हराएको/झुत्रो भएको/मौजुदा ढाँचामा आवश्यकता भएको/अन्य............... भएको हुँदा देहायको विवरण भएको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पाउनका लागि उक्त नागरिकताको प्रमाणपत्रको सक्कल/नक्कल प्रति संलग्न राखी रु. १०/- को टिकट टाँसी यो निवेदन पेश गरेको छु।मैले माग गरेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिको विवरण निम्न अनुसार रहेको छ :-

(१) नाम, थर : ............................ Full Name (In Block)............................................

(२) ना.प्र.नं. .................. जन्म मिति : ........... Date of Birth (AD) ...............................

(३) राष्ट्रिय परिचय नं......................... (४) लिङ्ग .................................. Sex..........................

(५)जन्म स्थान: ..................................................स्थायी ठेगाना: प्रदेश ................जिल्ला..............
नगरपालिका/गाउँपालिका:................................वडा नं...........टोल .........................................

(६) जारी मिति...............जारी जिल्ला : ........................ नागरिकताको किसिम..............................

(७) बाबुको नाम, थर :.................................ठेगाना......................नागरिकताको किसिम....................

(८) आमाको नाम, थर : ........................ ठेगाना........................ नागरिकताको किसिम.....................

(९) पति/पत्नीको नाम, थर :.................... ठेगाना .......................... नागरिकताको किसिम................

१०) संरक्षकको नाम, थर :........................ठेगाना ......................नागरिकताको किसिम.......................

---

माथि लेखिएको विवरण ठिक साँचो छ। लेखिएको व्यहोरा झुट्टा ठहरेमा कानून बमोजिम सहुँला/ बुझाउँला।

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

संलग्न कागजातहरूको विवरण : "

निवेदकको,-

दस्तखत :.................................

नाम, थर :...............................

मिति :....................................

**आज्ञाले,**

**केदारनाथ शर्मा**

**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.२५।-**

**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।